# नेपाल नागरिक उड्डयन प्राधिकरण

## कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ (तेइसौं संशोधन)

**प्रस्तावना:-** नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ३४ ले दिएको अधिकार प्रयोग गरी नेपाल नागरिक उड्डयन प्राधिकरणले देहायको नियमावली बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यस नियमावलीको नाम "नेपाल नागरिक उड्डयन प्राधिकरण, कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी (तेइसौं संशोधन) नियमावली, २०५६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२. नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ को नियम १० मा संशोधनः-** नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ को नियम १० को-

(१) नियम १०.१० पछि देहायको नियम १०.११ थप गरिएको छः-

"१०.११ योगदानमा आधारित निवृत्तिभरणः (१) आर्थिक वर्ष २०८२/८३ देखि लागू हुने गरी प्राधिकरणको सेवामा नयाँ स्थायी नियुक्ति हुने कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा ७ बमोजिम सामाजिक सुरक्षा कोष मार्फत योगदानमा आधारित निवृत्तिभरण प्रदान गरिनेछ।

(२) उपनियम (१) बमोजिम योगदानमा आधारित निवृत्तिभरण पाउने गरी नियुक्त हुने कर्मचारीले नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ को नियम ९.६, ९.८ (१), ९.८ (१क), ९.८ (२), ९.८ (३), ९.८ (४), ९.८ (५), ९.८ (६), ९.८ (७), ९.८ (८), ९.८ (१०), ९.८ (११), ९.८ (१२), ९.१०, १०.५, १०.६ (क), १०.६ (ख), १०.६ (घ), १०.७, १०.७ (क), १०.७ (ख) र १०.८ मा भएको व्यवस्था बमोजिमको सुविधा पाउने छैनन्। नियम १०.१० मा रहेको सञ्चय कोष सम्बन्धी प्रावधान लागू हुने छैन।"